संक्षिप्त प्राविधिक ज्ञान

# रामतोरियाका मुख्य कीराहरु र तिनको रोकथाम

**छिर्के गवारो** (Spotted Bollworm):
लाभ्रेले मुना, कोपिला, फूल र चिचिला प्वाल पारेर भित्र-भित्र खाइदिन्छन् तथा चिचिलाहरू झर्दछन् । फल खान लायक हुँदैन ।



*रोकथाम:*

- फलहरू छिटो टिप्नुपर्दछ
- घाउ लागेका फलहरू जम्मा गरेर माटोमा गहिरो गरी गाड्नुपर्दछ ।
- साइपरमेथ्रिन २ मि.लि प्रतिलिटर पानीमा छर्कनुपर्दछ ।

**फडके** (Leaf Hopper):
यसका माउ र बच्चा दुवैले पातको तल्लो सतहमा बसेर रस चुस्दछन् । पातको किनारबाट पहेंलिन्छ र पछि खैरो-रातो रंगको हुन्छ ।



*रोकथाम:*
मालाथियन (०.०५%), फेन्भेलेरेट ( ०.०२%) वा साइपरमेथ्रिन (०.०२%) ले बालीमा छर्कनुपर्दछ ।

*(स्रोत: तरकारी खेती प्रविधि – कृषि तथा सहकारी मन्त्रालय, चैत /२०६८)*

**नोट : प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्री वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।**
*यस सामग्रीमा दिइएको जानकारी विभिन्न विज्ञको सल्लाह तथा अन्य संघसस्थाले प्रकाशन गरेका सामग्रीमा दिइएको जानकारीका आधारमा निर्माण गरिएका हुन् । यसमा समुदायले आफ्नो प्रयासमा गर्न सक्ने जानकारी दिइएको छ । तर विषेश परिस्थितिमा पुन सम्बन्धित विज्ञको सल्लाह लिनु पर्नेछ ।*